सम्पादकीय

भूमे साप्ताहिक

# निर्वाचन आचारसंहिता र हाम्रो दायित्व

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि निर्वाचन आयोगले माघ ४ गते मध्यरात १२ बजेदेखि देशभर निर्वाचन आचारसंहिता लागू गरेको छ। हाम्रो भौगोलिक रूपमा विकट तर प्राकृतिक रूपमा सुसज्जित हिमाली रुकुमवूर्व जिल्लाको लागि यो घोषणा निर्वाचनको औपचारिक मात्र होइन, बरु लोकतन्त्रको निष्पक्षता जोगाउने एउटा महत्त्वपूर्ण संकल्प पनि हो । हाम्रो जस्तो हिमाली जिल्लामा निर्वाचन सम्पन्न गर्नु आफैँमा चुनौतीपूर्ण कार्य हो। भौगोलिक कठिनाइ, मौसमको अनिश्चितता र सीमित स्रोत-साधनका बीच हुन गइरहेको यस निर्वाचनलाई स्वच्छ र भयरहित बनाउन आचारसंहिताको पालना हुनु अनिवार्य छ। सरकारी सञ्चारमाध्यम र राज्यको अंगका रूपमा कार्यरत हामी सबैले यो बुझ्न जरुरी छ कि ? आचारसंहिताको उल्लंघनले केवल कानुन मात्र तोड्दैन, यसले दुर्गमका जनताको पवित्र मताधिकारको विश्वासलाई समेत ठेस पुऱ्याउँछ।

माघ ४ को मध्यरातदेखि लागू हुने यो आचारसंहिताले विशेषगरी सरकारी कर्मचारी, सुरक्षा निकाय र सार्वजनिक पदमा रहेका व्यक्तिहरूलाई थप जिम्मेवार बनाएको हुन्छ । राज्यकोष र प्रशासनिक पहुँचको प्रयोग कुनै पनि दल वा उम्मेदवारको पक्षमा हुनु हुँदैन। हिमाली भेगका सचेत नागरिकहरूले विवेकपूर्ण निर्णय लिन पाउनुपर्छ र त्यसका लागि प्रशासनले पूर्णतः तटस्थ भूमिका निर्वाह गर्नुपर्छ ।

हिमालको काखमा बस्ने हामी नागरिकका लागि यो निर्वाचन राष्ट्रिय मूलधारमा हाम्रो आवाज पुऱ्याउने बलियो माध्यम हो। तसर्थ, आचारसंहिता लागु भएदेखि मतदानको दिनसम्म र अहिले जारी भएको आचारसंहिताको पालना गराउन जिल्ला निर्वाचन कार्यालय र स्थानीय प्रशासनको सक्रियता प्रशंसनीय रहनुपर्छ। कुनै पनि प्रकारका प्रलोभन, डर वा त्रासले निर्वाचनको मर्यादालाई मलीन बनाउन दिनु हुँदैन ।

अन्त्यमा, प्रतिकूल मौसम र भूगोलका बावजुद पनि निर्वाचनलाई उत्सवका रूपमा सफल पार्न हामी सबै प्रतिबद्ध बनौँ । आयोगले तोकेका आचारणका रेखाहरूलाई सम्मान गर्दै,आगामी फागुन २१ गतेको मतदानलाई एउटा ऐतिहासिक मानकका रूपमा स्थापित गर्न 'भूमे साप्ताहिक' आम जिल्लाबासी, राजनीतिक दल र सरोकारवाला निकायहरूलाई हार्दिक अपील गर्दछ ।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

नागरिक

वर्ष ७ अङ्क २३ २०८२ माघ ०४ आईतबार

# नाम्फुमा 'गोर्खा वेल्फेयर' मोडेलमा खानेपानीको समस्या तार्न गाउँपालिकाले थाल्यो सर्भे



बालाराम शेर्पाली



भूमे गाउँपालिका वडा नम्बर ८ स्थित नाम्फु र आसपासका टोलहरूमा वर्षौंदेखि कायम रहेको खानेपानीको चरम समस्या समाधानका लागि गाउँपालिकाले सक्रियता देखाएको छ। स्थानीय बासिन्दाले भोग्दै आएको खानेपानीको सास्तीलाई सदाका लागि अन्त्य गर्न गाउँपालिकाले विस्तृत प्राविधिक अध्ययन र सर्भेको काम सुरु गरेको हो।

आयोजनालाई प्रभावकारी बनाउन आज (शुक्रवार) भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ, कार्यपालिका सदस्य फोमली बुढा, युवा नेता चन्द्र रसाईली र अनिल रोका सहिको प्राविधिकहरूको टोलीले मुहान क्षेत्रको स्थलगत निरीक्षण गरेको छ । आधुनिक र दिगो मोडेलमा आयोजना यस पटक गाउँपालिकाले 'गोर्खा वेल्फेयर ट्रष्ट'ले खानेपानी क्षेत्रमा गर्दै आएको उदाहरणीय र गुणस्तरीय कार्यशैलीलाई पछ्याउने भएको छ।सोही मोडेलमा आयोजना निर्माण गर्न गाउँपालिकाले लामो अनुभव सँगालेका विज्ञ प्राविधिकहरूबाट परामर्श सेवा लिई मुहानदेखि गाउँसम्मको सर्भे, डिजाइन र स्टिमेटको कार्य सुरु गरेको छ। आयोजनालाई दिगो र भरपर्दो बनाउने विश्वास लिइएको छ। निरीक्षणका क्रममा गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले स्थानीयको पीडालाई सम्बोधन गर्दै भन्नुभयो ।"नाम्फु क्षेत्रमा खानेपानीको समस्या निकै गम्भीर रहेको हामीले महसुस गरेका छौं। नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउनु हाम्रो प्रमुख दायित्व हो। त्यसैले हामीले गोर्खा वेल्फेयरको सफल कार्यशैलीलाई आधार मानेर यो आयोजना अघि बढाएका हौं । विज्ञ प्राविधिकहरूबाट कामसुरु भइसकेको छ, हामी यसलाई छिट्टै पूर्णता दिनेछौं ।" उहाँले भन्नुभयो । मुहानको वस्तुस्थिति र भौगोलिक अवस्थाको अध्ययनसँगै अब द्रुत गतिमा डिपिआर तयार हुने र निर्माण प्रक्रिया अघि बढ्ने गाउँपालिकाले जनाएको छ । वर्षौंदेखि खानेपानीका लागि कष्ट भोग्दै आएका नाम्फु बासीहरू गाउँपालिका अध्यक्ष आफैँ मुहानमा पुगेर काम सुरु गरेपछि हर्षित भएका छन्।



# विकास र सुशासनको समीक्षा गर्न भूमेमा सार्वजनिक सुनुवाइ हुँदै




भूमे गाउँपालिकाले चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिक अवधिमा सम्पादित विकास निर्माण र सेवा प्रवाहबारे नागरिकस्तरमा समीक्षा गर्न 'सार्वजनिक सुनुवाइ' कार्यक्रम आह्वान गरेको छ। गाउँ कार्यपालिकाको कार्यालयले आगामी माघ ७ गते बुधबार वडा नं. ४ स्थित काँडा स्वास्थ्य चौकीको प्राङ्गणमा कार्यक्रम तय गरेको हो।गाउँपालिकाले साउनदेखि कात्तिक मसान्तसम्म कार्यान्वयन गरेका योजनाहरूको प्रगति विवरण, बजेट खर्चको अवस्था र जनताले पाएको सेवा–सुविधाबारे प्रत्यक्ष संवाद गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गर्न लागिएको हो। स्थानीय सरकारका कामकारबाहीलाई पारदर्शी र जनउत्तरदायी बनाउन यो कार्यक्रम कोसेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । कार्यक्रमबारे जानकारी दिँदै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बि.क.ले स्थानीय सरकारलाई जनताप्रति बढी जिम्मेवार बनाउन सार्वजनिक सुनुवाइलाई विशेष महत्त्व दिइएको बताउनुभयो। "हामीले पहिलो चौमासिक अवधिमा कति बजेट खर्च गर्यौँ र त्यसले नागरिकको जीवनस्तरमा कस्तो प्रभाव पार्यो भन्ने कुराको ऐना नै सार्वजनिक सुनुवाइ हो," अधिकृत बि.क.ले भन्नुभयो, "प्रशासनिक पारदर्शिता र विकासमा जनसहभागिता हाम्रो मुख्य प्राथमिकता हो। त्यसैले, यो कार्यक्रममा आएर निर्धक्कसँग आफ्ना गुनासा र रचनात्मक सुझाव राखिदिन म सम्पूर्ण गाउँपालिकाबासीहरूमा हार्दिक अनुरोध गर्दछु।" उक्त कार्यक्रममा गाउँपालिकाभित्र क्रियाशील राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, शिक्षक, बुद्धिजीवी, पत्रकार र सरोकारवाला संघसंस्थाहरूको उपस्थितिमा गरिने भएको छ।

## चुन्वाङमा मण्डली भवनको उद्घाटन: स्थानीय सरकारद्वारा समावेशी विकास




रुकुम पूर्वको भूमे गाउँपालिका –९, लाखरमा नवनिर्मित 'बलिदान ए.जी. मण्डली' को भवन सोमबार एक भव्य समारोहका बीच उद्घाटन गरिएको छ। लुम्बिनी प्रदेश सभा सदस्य दिलकुमारी बुढामगर र भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले संयुक्त रूपमा रिबन काटेर नवनिर्मित भवनको शुभारम्भ गर्नुभएको हो। भवन उद्घाटन गर्दै प्रदेश सभा सदस्य दिलकुमारी बुढामगरले राज्यको नजरमा सबै धर्म र आस्था समान हुने बताउनुभयो। "नेपालको

संविधानले प्रदत्त गरेको धार्मिक स्वतन्त्रता र अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न प्रदेश सरकार प्रतिबद्ध छ," उहाँले भन्नुभयो, "यो भवन केवल एउटा भौतिक संरचना मात्र नभएर यहाँका नागरिकको साझा आस्था र एकताको केन्द्र बन्नेछ।" गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले गाउँपालिका भित्रका हरेक वर्ग र समुदायको भावनालाई सम्बोधन गर्नु स्थानीय सरकारको प्राथमिक दायित्व रहेको उल्लेख गर्नुभयो। "चुन्वाङका नागरिकको माग र आवश्यकतालाई मध्यनजर गर्दै हामीले यो पूर्वाधारमा लगानी गरेका हौँ," श्रेष्ठले भन्नुभयो, "यसले यस क्षेत्रको सामाजिक सद्भाव र सांस्कृतिक विविधतालाई थप उचाइमा पुर्‍याउने विश्वास लिएका छौँ।" उहाँले यो भवनलाई सामाजिक छलफलको साझा केन्द्रका रूपमा समेत उपयोग गर्न सकिने बताउनुभयो ।

मण्डलीका पास्टर कल्पना पुनले भवन निर्माणपछि हर्ष व्यक्त गर्दै राज्यस्तरबाट भएको सहयोगको प्रशंसा गर्नुभयो। "पहिला साना झुपडी र साँघुरा कोठामा खुम्चिएर प्रार्थना गर्नुपर्ने बाध्यता थियो," उहाँले भन्नुभयो, "आज राज्यले बजेट छुट्याएर भवन निर्माण गरिदिएपछि हामीले देशको सम्मानित नागरिक भएको महसुस गरेका छौँ।" कार्यक्रममा बलिदान ए.जी. मण्डलीका प्रतिनिधिहरूले राज्यस्तरबाट भएको सहयोगप्रति आभार प्रकट गरेका थिए।

उद्घाटन समारोहमा स्थानीय जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा ठूलो संख्यामा स्थानीयहरूको उपस्थिति रहेको थियो । पछिल्लो समय रुकुम पूर्वका दुर्गम बस्तीहरूमा आधारभूत विकाससँगै सामुदायिक र धार्मिक पूर्वाधार निर्माणले तीव्रता पाउनुलाई यहाँको सकारात्मक परिवर्तनका रूपमा देखिएको छ ।

## नरेन्द्र दिल स्मृति युवा क्लबको सातौं वार्षिक उत्सव

रुकुमपूर्व भूमे गाउँपालिका-९ चुनबाङ स्थित नरेन्द्र दिल स्मृति युवा क्लब सिमचउरको सातौं वार्षिक उत्सव जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले उद्घाटन गर्नु भएको छ। मङ्गलबार भूमे-९ चुनबाङ रहेको नरेन्द्र दिल स्मृति युवा क्लब सिमचउरको सातौं वार्षिक उत्सव जिसस प्रमुख श्रेष्ठले उद्घाटन गर्नु भएको हो ।क्लबको सातौं वार्षिक उत्सवमा विविध खेलकुद प्रतियोगिताको आयोजना गरिएको छ । क्लब मार्फत खेलकुदसँगै सामाजिक कार्यमा पनि सक्रिय रहन जिसस प्रमुख मेघबहादुर श्रेष्ठले बताउनुभयो। यसैगरी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा चुनावमा यस जिल्ला देखि नेकपाबाट पार्टीका अध्यक्ष प्रचण्ड उठ्ने निश्चित भैसकेको श्रेष्ठले बताउनुभयो। प्रचण्डको निर्वाचन जिल्ला भएसकेपछि यहाँको विकास तिव्रगतिमा हुने उहाँको भनाइ रहेको छ । जिल्लाको विकासको लागि आगामी निर्वाचनमा यश जिल्लामा अन्तर्राष्ट्रिय स्तरको नेता प्रचण्ड आउने पक्का भएको नेकपाका प्रदेश सदस्य लालबहादुर विष्ट प्रभातले बताउनुभयो। क्लबका अध्यक्ष गोविन्द पुनको अध्यक्षता रहेकोमा जिसस प्रमुख मेघबहादुर श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । वडाध्यक्ष विनोद बुढामगर, नेपाली कम्युनिस्ट पार्टी प्रदेश सदस्य लालबहादुर विष्ट (प्रभात), नेपाल मगर संघ रुकुमपूर्वका अध्यक्ष रामकुमार बुढा मगर विशेष आतिथ्यता रहेकोमा पूर्व जिसस सदस्य दयालसिङ पुन, नेपाली काँग्रेसका वडा सभापति लिलबहादुर पुन, चुनबाङ स्वास्थ्य चौकीका इन्चार्ज चित्रबहादुर विष्ट लगायतको आतिथ्यता रहेकोमा कार्यक्रम सन्चालन क्लबका सहसचिव विवश पुनले गर्नु भएको थियो।

५ भूमे साप्ताहिक **समाचार** वर्ष ७ अङ्क २३ २०८२ माघ ०४ आईतबार

# प्रतिनिधि सभा निर्वाचनका लागि मुख्य निर्वाचन कार्यालय स्थापना

**निराजन बि.क सिर्पाली**




रुकुमपूर्वमा आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। शुक्रबार सिस्ने गाउँपालिका–५ स्थित रुकुमकोटको कमलदह नजिक रहेको पाहुनाघरमा कार्यालय स्थापना गरिएको हो । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनका लागि जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको जिल्ला निर्वाचन कार्यालय रुकुमपूर्वका जिल्ला निर्वाचन अधिकारी पुष्पराज शर्माले जानकारी दिए। रुकुमपूर्व जिल्लामा एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको छ। कार्यालय स्थापना भएसँगै अब निर्वाचन आयोगले तोकेको कार्यतालिका अनुसार निर्वाचन व्यवस्थापनका सम्पूर्ण काम सञ्चालन गरिने शर्माले बताए । उनका अनुसार जिल्लामा पुरुष मतदाता १७ हजार ५ सय ८२ र महिला मतदाता १७ हजार १ सय ९० गरी जम्मा ३४ हजार ७ सय ७२ मतदाता रहेका छन्। २०७९ सालको निर्वाचनमा ३४ हजार १ सय १२ मतदाता रहेकामा यसपटक ६ सय ६० मतदाता थपिएका हुन् । जिल्लामा ४४ मतदान स्थल र ५६ मतदान केन्द्र रहेका छन्। निर्वाचन कार्यतालिका अनुसार उम्मेदवारको मनोनयन दर्ता माघ ६ गते बिहान १० देखि साँझ ५ बजेसम्म मुख्य निर्वाचन अधिकृतको कार्यालयमा हुनेछ। मनोनयन दर्ता भएका उम्मेदवारको सूची सोही दिन साँझ ५ बजेदेखि ७ बजेसम्म प्रकाशन गरिनेछ। उम्मेदवारविरुद्ध उजुरी दिने समय माघ ७ गते बिहान १० देखि दिउँसो ३ बजेसम्म तोकिएको छ भने उजुरीमाथि जाँचबुझ गरी निर्णय माघ ७ र ८ गते दिउँसो ३ बजेदेखि साँझ ५ बजेसम्म गरिनेछ । यसैगरी उम्मेदवारको नामावली प्रकाशन माघ ८ गते साँझ ५ देखि ७ बजेसम्म, उम्मेदवारको नाम फिर्ता लिने समय माघ ९ गते बिहान १० देखि दिउँसो १ बजेसम्म र अन्तिम नामावली प्रकाशन माघ ९ गते दिउँसो १ देखि ३ बजेसम्म हुनेछ। उम्मेदवारलाई निर्वाचन चिन्ह माघ ९ गते बेलुका ४ देखि साँझ ७ बजेसम्म प्रदान गरिनेछ। मतदान भने फागुन २१ गते बिहान ७ देखि साँझ ५ बजेसम्म हुनेछ ।



# देश निर्माणमा विद्यार्थीको पनि भूमिका छ

चन्द्र रसाईली




तथा देश निर्माणमा सबै तहका व्यक्तिहरुको महत्वपूर्णका साथ सक्रिय सहभागिता आवश्यक रहेको हुन्छ। हरेक व्यक्तिले हरेक तहबाट आ-आफ्नो भूमिका निर्वाह गरिरहेको हुन्छ । यस्ता परिवर्तन र मुक्तिको लागि हुने आन्दोलनहरुमा सहभागी सामान्य सर्वसाधारण नागरिक तथा युवा विद्यार्थीहरुको पनि विशिष्ट योगदान रहँदै आएको छ । विद्यार्थीले आफ्नो ज्ञान र सीपलाई सामाजिक, आर्थिक, राजनीतिक एवम् सांस्कृतिक लगायतका क्षेत्रमा समर्पित गरेर राष्ट्र र देशको निर्माणमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। देशको विकासमा आवश्यक पर्ने परिवर्तन र गतिविधिमा विद्यार्थी नै सक्रिय संलग्नतामा रहेका छन् विद्यार्थीको सोच, आचरण र गतिविधि नै देशको भविष्यलाई नयाँ स्वरुप र दिशा दिने भएकाले उनीहरूलाई सही दिशामा अभिप्रेरित गर्नुपर्ने आवश्यक देखिएको छ। विद्यार्थी समाजको सचेत र उर्जाशिल वर्ग भएकाले मानवीय जीवनमा सकारात्मक सामाजिक चेतना फैलाउने कार्यमा प्रभावकारी भूमिकामा रहन्छ। इतिहासतर्फ हेर्दा पनि विद्यार्थी वर्गले राष्ट्रको निर्माणमा उल्लेखनीय योगदान पुऱ्याएका छन्। नेपालमा वि.स. २००८ सालको प्रजातान्त्रिक क्रान्तिमा विद्यार्थीको पनि सक्रिय सहभगिता रहेको थियो । त्यसैगरी विभिन्न

आन्दोलनले राजनीतिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको छन्। वि.सं. २०२८, २०३६, २०४६, तथा २०६२/६३ को महान जनयुद्ध लगायतका जस्ता थुप्रै विद्यार्थी आन्दोलनका विरोध र आवाज पनि राजनीतिक र सामाजिक पक्षलाई सुधार्नमा केही महत्वपूर्ण मोडहरु भएका छन् । त्यसरी नै विद्यार्थीले राजनीतिक क्षेत्रमा सकरात्मक परिवर्तन र लोकतन्त्र स्थापना सँगै राष्ट्र र देश निर्माणमा उल्लेखनीय योगदान पुऱ्याका छन् । विद्यार्थीहरुले राजनीतिक क्षेत्रमा मात्र होइन, पर्यावरणीय संरक्षण अभियानमा सक्रिय सहभागी, सांस्कृतिक संरक्षण, विज्ञान प्रविधि र नव प्रवर्तन, सामाजिक जागरण आदि जस्ता थुप्रै क्षेत्रमा सक्रिय सहभागिता दिँदै आएका छन्। वि.सं. २०१५ साल तिरको गोर्खा भूकम्प तथा २०७२ सालको महा भुकम्प, विश्वव्यापीरुपमा फेलिएको कोरोना महामारी जस्ता विभिन्न जटिल परिस्थितिहरुमा नेपालका विभिन्न विद्यालय र कलेजका विद्यार्थीले राहत वितरण, स्वास्थ्य सेवा, पून निर्माण आदि जस्ता कार्यमा विशेष भूमिका खेलिरहेका छन्। यतिमात्र नभई वैज्ञानिक आविष्कार र प्राविधिक क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा सफलता हासिल गरेका छन्। जसले समग्र देश र जनताको प्रतिष्ठा बढाएको छ। विद्यार्थीले समाजमा सचेतना र जागरण फैलाएर भौतिक विकास

मात्र नभई नागरिकहरुको मानसिक, सांस्कृतिक र सामाजिक उन्नतिमा समेत वृद्धि र सुधार ल्याउनमा विवेकपूर्ण सक्रिय सहभागितामा अग्रपंक्तिमा रहेका छन् । विद्यार्थीहक नै उपयुक्त ज्ञान र सीप हासिल गरी देश निर्माणका लागि दक्ष जनशक्ति बन्न पुग्दछन् । उनीहरुनै शिक्षाका साथै साक्षरता अभियान, स्वास्थ्य जागरुकता, महिला सशक्तिकरण, वातावरण संरक्षण जस्ता कार्यहरुमा सक्रिय भूमिका खेल्न सक्छन् । यसले समाजमा सकारात्मक परिवर्तन ल्याउँछ । यसरी नै राजनीतिक चेतना र सक्रियता महत्वपूर्ण भूमिका हुन्। देशको नीति निर्माण या उनीहरूको विचार धाराले ठूलो प्रभाव पार्न सक्छ । उनीहरुले लोकतान्त्रिक मूल्य मान्यताहरुको संरक्षण गर्दै सही नेतृत्व चयनमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । विद्यार्थीहरू युवा उमेरमा हुने भएकाले जोश, जाँगर र सृजनरशीलताले, भारिपूर्ण हुन्छन् । नयाँ आविष्कार, उद्यमशीलता र नयाँ सूचना र प्रविधिको विकासमार्फत देशको आर्थिक र प्राविधिक विकासलाई गति दिन सक्छन् । साथै सांस्कृतिक संरक्षण र प्रवर्द्धन, स्वयंसेवक कार्यमा संलग्नता, पर्यवरणीय जागरुकता, राष्ट्रिय ठाउँको विकास आदिमा सहभागी भई राष्ट्र विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । त्यसैले विद्यार्थीहरु राष्ट्रको मेरुदण्ड र समाज र देश निर्माताका रूपमा रहँदै आएता पनि हाल परिस्थिति निकै गम्भिर रहेको छ। विद्यार्थीहक शिक्षा पूर्ण नहुँदै विदेशीने प्रवृत्ति निकै बढ्दो क्रममा रहेको छ । यसरी नै विद्यार्थीहक बाहिरिने हो भने देश कमजोर हुन पुग्नेछ । यसले आउने पुस्तालाई समेत निरुत्साह र गलत बाटोमा लैजान सक्छ, जुन देश निर्माणका लागि घातक परिणाम बन्न सक्छ। तसर्थ, विद्यार्थीहरुलाई समयमै स्वदेशमानै ज्ञान र सीप प्रयोग गरी देश निर्माणमा टेवा पुर्‍याउनतर्फ अभिप्रेरित गर्नुपर्छ । विद्यार्थीहकलाई स्वदेशमै राष्ट्र भाव जगाई रहन सक्ने वातावरण सिर्जना गर्न सकिएमा मात्रै देश निमार्णको प्रक्रिया सन्तुलन ढङ्गले अघि बढ्न सक्छ ।आज देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भई कार्यन्वयनको सङ्गिन गोरेटोमा छ । यो आमुल परिवर्तन ल्याउनमा नेपाली आमाका हजारौं सन्तानहरुको तातो र रातो रगतको बलिदान भएको छ । देशमा महान १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलन भयो । त्यसै क्रममा देशमा जनयुद्धको पहिलो शहिदको रुपमा एक दलित वर्गका विद्यार्थी दिल बहादुर रम्टेलले आफ्नो शिक्षक माथि भएको दमनको बिरुद्धमा आवाज उठाएको कारणनै उनि माथि गोली प्रहार गरी विभत्स हत्या गरियो । यस्ता किसिमका त्याग, तपस्या र बलिदानले मात्र देशका शान्ति र खुल्ला तरिकाले शिक्षा आर्जन गर्ने र सबै वर्गले पठनपाठन गर्न पाउने अवसर प्रदान भएको हो यी र यस्ता इतिहास हामी नयाँ पुस्ताले बुझ्न र अध्ययन गर्न जरुरी रहेको छ । आज देशमा २०२८ सालको पुरानो शिक्षा नीतिले गुजरा चल्दै आएको छ । यसलाई नयाँ शिक्षा नीति ल्याउनमा कुनै पनि चन्ता र चासो नदेखिनुको कारण शिक्षकहरुमा पनि उस्तै किसिमको निराशापन छाएको छ । आज देशमा विद्यार्थीहरु आफ्नो क्षमतालाई प्रस्फोटन गर्दै दक्ष जनशक्ति निर्माणमा होमिनु पर्ने अवस्थामा कतै सडकमा टायर बाल्नु पर्ने, कतै सरकारलाई बिरोध गर्दै हिड्नु पर्ने, कतै भोकभोकै आमरण अन्सन बस्नु पर्ने अवस्थाले देशको भावी कार्यदिसा कतातिर जाँदै छ भन्ने कुरा हामी प्रस्त बुझ्न सक्छौं । यो जटिल परिस्थितिलाई पनि सामना गर्दै विद्यार्थीहरु र विद्यार्थी संगठमा आवद्ध नेता तथा नेतृत्वहरु ज्यान फालेर होमिएको अवस्था छ । यो

हिसवाले पनि देशलाई विकसित र समृद्ध बनाउनुमा विद्यार्थीको अहम भूमिका रहेको छ। विद्यार्थी जनशक्ति देशको लागि सु-मार्गको चम्किलो उडाउँदो ताराको रुपमा प्रस्तुत भएको छ । तसर्थ, विद्यार्थीहरुलाई सही बाटो र सवल वातावरण दिने हो भने देश र जनताको लागि बलियो खम्बाको रुपमा तयार हुन सक्छन । उनीहरुको अनुशासन र चरित्र राष्ट्र निर्माणको महत्वपूर्ण पक्ष हो। उनीहकको सक्रियता, समर्पण र ज्ञानका साथै, एकता, इमान्दारी, परिश्रम र निष्ठाले नै देशलाई प्रगतिको बाटोमा अधि बढाउन सहयोग गर्छ । अर्थात, देशको प्रगति र सम्मृद्धको मुख्य आधार भनेकै शिक्षित र सचेत नागरिक हुन् जुन विद्यार्थीबाट नै सिर्जित हुने गर्दछन् । अतः विद्यार्थी केवल सिक्ने र अध्ययन गर्ने मात्र नभई भविष्यमा देशलाई समृद्ध, आत्मनिर्भर सन्तुलन अवस्था बनाउँदै देश निर्माणको आधार बन्ने नागरिक हुन्। यसप्रकार विद्यार्थी राष्ट्रका कर्णधारका रुपमा लिइन्छा उनीहरूको महत्व र आवश्यकता बुझेर राष्ट्र निर्माणमा एकिकृत हुनु अहिलेको विशेष अनिवार्यता रहेको छ।

## दिगो विकास लक्ष्य : विषयगत प्रश्नोत्तर

**नेपालमा सार्वजनिक सेवा प्रवाह सुधारमा निजामती कर्मचारीको व्यवहार सुधार कत्तिको महोवपूर्ण ठान्नुहुन्छ ? चर्चा गर्दै नेपालमा निजामती कर्मचारीको कार्य व्यवहारमा सुधार गरी सेवा प्रवाहमा सुधारको अनुभूति दिलाउन चाल्नुपर्ने कदम उल्लेख गर्नुहोस्।**

**कर्मचारीको व्यवहार सुधार :** सार्वजनिक सेवा प्रवाह प्रक्रियामा कर्मचारी सेवा प्रदायकको भूमिकामा रहन्छन्। उनीहरू सेवा प्रवाहको विभिन्न चरणमा सेवाग्राहीसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कमा रहन्छन् । सेवाप्रवाह सुधारका लागि नीतिगत,कानुनी, प्रक्रियागत, प्रणालीगत जे जति पहल गरिए पनि सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्कमा आउने कर्मचारीको व्यवहार परिवर्तन नभएसम्म सेवा प्रवाह सुधारको अनुभूति हुन सक्दैन।

सेवाग्राहीप्रतिको नम्र र सहयोगी व्यवहारले सेवा प्रवाह सुधारमा महोत्वपूर्ण योगदान गर्छ। नेपालमा सार्वजनिक सेवा प्रवाह सुधारमा निजामती कर्मचारीको व्यवहार सुधारको महोत्वः नेपालमा सेवा प्रवाहको क्रममा निजामती कर्मचारीबाट प्रदर्शन हुने नकारात्मक कार्य व्यवहार देहाय बमोजिम रहेको पाइन्छ।पदीय आचरणको पालना नगर्ने, पेसागत आचरणप्रति संवेदनशील नबन्ने, सेवा ग्राहीप्रति रुखो व्यवहार प्रदर्शन गर्ने,शसंवेदनशील बन्ने,ढिलासुस्ती र अनियमिततामा रमाउने,जिम्मेवारी पन्छाउने,अरूलाई दोष लगाउने,विधि प्रक्रियाका सम्बन्धमा स्पष्ट जानकारी र सूचना नदिने,समयमा निर्णय नगर्ने, अतरिक्त शुल्क असुल्न खोज्ने,सेवाग्राही गुनासाको बेवास्ता गर्ने, भनसुन, प्रभाव वा पूर्वाग्रहबाट प्रेरित भई सेवाग्राहीबिच असमान व्यवहार गर्ने,नवीन प्रविधि र प्रणालीको प्रतिरोध गर्ने, शाखागत तथा निकायगत समन्वय र सहकार्यलाई कम महत्त्व दिने, सेवक नभई शासकीय मनोवृत्तिबाट निर्देशित भई व्यवहार प्रदर्शन गर्ने ।माथि उल्लेख गरिएका नकारात्मक कार्य व्यवहार सुधार गरेमा नागरिकमा सेवा प्रवाह सुधारको अनुभूति गराउन सकिन्छ । निम्न आधारबाट सेवा प्रवाह सुधारमा कर्मचारीको व्यवहार सुधारको महोत्वलाई बुझ्न सकिन्छ।सेवा प्रवाह प्रक्रियामा सेवाग्राही र कर्मचारीबिच प्रत्यक्ष वा अप्रत्यक्ष अन्तरक्रिया हुने हुँदा मानवीय पक्षमा गर्नुपर्ने सुधारलाई ध्यान दिनु आवश्यक छ, सेवा प्रवाहका अन्य पक्षमा हुने सुधारलाई मूर्तरूप दिन व्यवहार सुधार पहिलो

सर्त मानिन्छ।उदाहरणका लागि सरकारी सेवालाई लाइनबाट अनलाइनमा रूपान्तरण गर्न प्रविधिको प्रयोगमा जोड दिए पनि कर्मचारीको व्यवहार सुधार हुन सकेन भने प्रविधिको छिद्र पत्ता लगाई ढिलासुस्ती गर्ने प्रवृत्ति कायमै रहन सक्छ,व्यवहार सुधारले ढिलासुस्ती, अनियमितता, भ्रष्टाचार जस्ता प्रशासनिक विकृति न्यूनीकरण गर्न मद्दत गर्छ,व्यवहार सुधारले कर्मचारीलाई सेवाग्राहीप्रति जिम्मेवार र जवाफदेही बनाई सेवाको गुणस्तर सुधारमा सहयोग गर्छ, विनम्र र सहयोगी व्यवहारले सेवाग्राही सन्तुष्टिस्तर अभिवृद्धि गर्न मद्दत गर्छ,सङ्गठनको छवि कायम राख्दै सरकारप्रतिको जनविश्वास उच्च बनाउनसमेत कर्मचारीको व्यवहार सुधार आवश्यक मानिन्छ।

**सेवा प्रवाह सुधारका लागि कर्मचारीको व्यवहार सुधारका उपाय**

निजामती कर्मचारीका लागि निर्धारित आचरण कडाइका साथ पालना गर्ने गराउने, कर्मचारीले कार्यस्थलमा पालना गर्नुपर्ने आचारसंहिता स्पष्ट पार्ने, कर्मचारीले पालना गर्नुपर्ने आचरण र आचारसंहिता कार्यालयमा सबैले देख्ने गरी सार्वजनिक गर्ने,घोषित आचरण र आचार संहिताको परिपालनास्तर मापन गर्न स्पष्ट सूचकहरू तयार पार्ने,आचरण र आचारसंहिता परिपालनाको नियमित अनुगमन र समीक्षा गर्ने, कार्यसम्पादन मूल्याङ्कनमा आचरण र आचारसंहिता पालनास्तरलाई आधार लिने, सेवाग्राहीबाट कर्मचारीको व्यवहार मूल्याङ्कन गर्ने पद्धति स्थापना गर्ने, कर्मचारीलाई नियमित रूपमा तालिम तथा प्रशिक्षण प्रदान गरी मनोवृत्ति र व्यवहारमा सुधार ल्याउने,तालिमको माध्यमबाट कर्मचारीलाई विविधता व्यवस्थापन, तनाव व्यवस्थापन, संवेगात्मक बौद्धिकता, मानवीय मूल्य, नैतिक मूल्यमान्यता, शासकीय मूल्य, आध्यात्मिकता जस्ता विषयमा प्रशिक्षित गर्ने,कर्मचारीलाई दण्ड र पुरस्कारमार्फत सेवाग्राहीप्रतिको व्यवहार सुधारमा प्रोत्साहन गर्ने, सङ्गठनमा कर्मचारीले प्रदर्शन गर्ने व्यवहारका बारेमा निरन्तर अध्ययन, विश्लेषण गरी सुधारका लागि पृष्ठपोषण गर्ने,नवप्रवेशीलाई कर्मचारीको आचरण, आचारसंहिता तथा सेवा ग्राहीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धमा अभिमुखीकरण गर्ने, नेतृत्वबाट आदर्श व्यवहार प्रदर्शन गरी अनुयायीमा अनुकरणीय प्रभाव पार्ने,सङ्गठनमा कार्यसम्पादनमूखी संस्कृति निर्माण गरेर कर्मचारीको कार्य व्यवहार परिवर्तन गर्ने । अन्त्यमा भौतिक वा डिजिटल जुनसुकै प्रकारका सेवाका लागि पनि कर्मचारी–सेवाग्राही अन्तरक्रिया भई नै रहने हुँदा सेवा प्रवाह सुधारको प्रमुख आधार नै कर्मचारीको व्यवहार सुधार हो। निजामती कर्मचारीको व्यवहार सेवाग्राहीमैत्री नभएको तथा सुशासन प्रत्याभूत हुन नसकेको भनी असन्तुष्टिका आवाज बढ्दै गइरहेको सन्दर्भमा निजामती कर्मचारीको व्यवहार सुधारमार्फत सार्वजनिक सेवा प्रवाह सुधार गर्ने रणनीतिका साथ सेवा प्रवाह सुधारका कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो।

**खानेपानी तथा सरसफाइसम्बन्धी नागरिकका अधिकार उल्लेख गर्दै खानेपानी तथा सरसफाइ सेवा व्यवस्थापनमा तहगत सरकारका जिम्मेवारी प्रस्तुत गर्नुहोस्।**

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था रहेको छ। खानेपानी तथा सरसफाइ ऐन, २०७९ मा उल्लेख भएबमोजिम खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत

प्रत्येक नागरिकलाई देहायको अधिकार रहेको छ । स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार, नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार, गुणस्तरीय सरसफाइ सेवामा सहज र सुलभ पहुँचको अधिकार । खानेपानी तथा सरसफाइ सेवा व्यवस्थापनमा तहगत सरकारका जिम्मेवारी, खानेपानी सेवा, सरसफाइ सेवा तथा आयोजनाको अनुमतिपत्र प्रदान, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा रहन्छ । यसका लागि तहगत जिम्मेवारी देहायबमोजिम रहेका छन् । क) नेपाल सरकारको जिम्मेवारी खानेपानी तथा सरसफाइसँग सम्बन्धित राष्ट्रिय प्रकृतिका ठुला र जटिल आयोजना,सहलगानीमा निर्माण हुने तथा वैदेशिक सहायताका आयोजना,तोकिएको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान र जनसङ्ख्यालाई खानेपानी तथा सरसफाइ सेवा पु¥याउने आयोजना,एकभन्दा बढी प्रदेशसँग सम्बन्धित आयोजना,ठुलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरपानी प्रशोधन तथा व्यवस्थापन गर्ने कार्य,एउटा जलाधार क्षेत्रको प्राकृतिक स्रोतको पानी अर्को जलाधार क्षेत्रमा स्थानान्तरण गर्ने आयोजना,खानेपानी तथा सरसफाइ आयोजनाको अनुगमन । ख) प्रदेश सरकारको जिम्मेवारी: तोकिएको क्षेत्रमा तोकिएबमोजिमको लागत अनुमान वा जनसङ्ख्यालाई खानेपानी तथा सरसफाइ सेवा पु¥याउने आयोजना,फोहोरपानी व्यवस्थापन तथा प्रशोधन सम्बन्धी कार्य,प्रदेशभित्रका एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजना । ग) स्थानीय तहको जिम्मेवारी र दायित्व:स्थानीय स्तरमा आधारभूत खानेपानी तथा सरसफाइ सेवा,सरसफाइ सम्बन्धी म अभिवृद्धि,फोहोरपानी व्यवस्थापन प्रणालीको सञ्चालन,तोकिएको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा जनसङ्ख्यालाई खानेपानी सेवा पु¥याउने आयोजना,स्थानीय तहबाट सञ्चालित खानेपानी तथा सरसफाइ आयोजनाको मर्मतसम्भार र पुनस्र्थापना । अन्त्यमा स्वच्छ खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्नु नागरिकको मौलिक अधिकार हो । संविधानले प्रत्याभूत गरेको यस अधिकारको कार्यान्वयनका लागि तिनै तहका सरकारले समन्वयात्मक रूपमा काम गर्नु पर्छ ।

**सेवा प्रवाहको सिलसिलामा निजामती कर्मचारीले के कस्ता पदीय आचरण पालना गर्नु पर्छ ? निजामती सेवाका कर्मचारीको आचरणसम्बन्धी नियमावली, २०६५ का आधारमा स्पष्ट पार्दै आचरणविपरीतको कार्य गरेको नमानिने विषय उल्लेख गर्नुहोस् ।**

निजामती सेवाका कर्मचारीको आचरणसम्बन्धी नियमावली, २०६५ ले निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरण निर्धारण गरेको छ । निजामती कर्मचारीले पालना गर्नुपर्ने पदीय आचरण, पेसागत आचरण र व्यक्तिगत आचरणलगायतका विषय नियमावलीले समेटेको छ । सेवा प्रवाहको सिलसिलामा कर्मचारीले पालना गर्नुपर्ने पदीय आचरण यसप्रकार छन् आफूलाई सुम्पिएको जिम्मेवारी छिटो, छरितो, पूर्ण र गुणस्तरीय रूपमा निर्वाहगर्न सदैवप्रयत्नशील रहनुपर्ने,सेवा प्रवाह गर्दा वृद्ध, अशक्त, अपाङ्गता, सुत्केरी वा गर्भवती महिला,बालबालिका र असहायलाई प्राथमिकता दिनुपर्ने,सेवाग्राहीको काम समयमै सम्पन्न गरिदिनुपर्ने,कुनै कारणबाट समयमै काम सम्पन्न हुन नसक्ने सोको आधार र कारण जानकारी गराउने, सेवाग्राहीले चाहे अनुसार काम गर्न नसकिने वा नमिल्ने भएमा त्यसको आधार र कारण सम्बन्धित सेवाग्राहीलाई दिनुपर्ने,वामा सर्वसाधारणको सहज र प्रत्यक्ष पहुँच पुग्ने गरी सरल र सहज भाषामा सेवा सम्बन्धी जानकारी हुनुपर्छ ।

११ भूमे साप्ताहिक **आलेख** वर्ष ७ अङ्क २३ २०८२ माघ ०४ आईतबार

# बीउ उत्पादनको महत्व जिल्लाको सम्भावना र यसका आधारहरु



❖ *डिल्लीराज पौडेल*

**"जस्तो रोप्यो त्यस्तै फल्छ"** भन्ने हाम्रो समाजको पुरानो धारणाबाटै यो बुझिन्छ, की वाली उत्पादनमा मात्रात्मक तथा गुणात्मक वृद्धि ल्याउन वीउको अहम भूमिका रहन्छ ।वाली उत्पादन गर्नका लागि वीउ एउटा प्रमुख लागत सामग्री हो।वाली उत्पादन गर्न आवश्यक सामग्री मध्ये गुणस्तरयुक्त वीउ एक अपरिहार्य वस्तु भएको हुदाँ बीउ उत्पादन कार्यक्रमलाई अगाडि बढाउनु पर्ने देखिन्छ । गुणस्तरयुक्त वीउको अभावमा उत्पादनमा ठूलो ह्रास हुन्छ । बीउ एउटा जीवित विरुवाको सानो रुप हो । त्यसमा विरुवाका सम्पूर्ण गुणहरु तथा वीउका गुणस्तरहरु उम्रने क्षमता, शुद्धता, झारपातको बीउ तथा चिस्यान प्रतिशत निधारण गरे अनुसार हुन्छ । नेपालका अधिकांश कृषकहरुले बीउ आफै उत्पादन नगरी अरुको भर परेको पाईन्छ । एक पटक वीउ पाईसके पश्चात वर्षेनी त्यसैबाट केही अंश जोगाएर बीउको रुपमा प्रयोग गर्ने गरेको अवस्था छ । कृषकहरु बीउ बिजनको लागी अरुको भर पर्दा बीउ महंगो हुन जान्छ तथा बीउ समयमा उपलब्ध नहुन सक्छ । नेपालमा कृषि उत्पादकत्व कम हुनुको एक मुख्य कारण मध्ये गुणस्तरीय बीउको अभाव पनि एक हो । गुणस्तर वीउको आधिकारिक प्रयोगबाट खाद्य सुरक्षा हुने हुदाँ वीउ उत्पादन कार्यक्रमलाई विशेष प्रथमिकताका साथ प्रभावकारी रुपमा कार्यन्वयन गर्न महत्वपुर्ण रहेको छ । विभिन्न अनुसन्धानबाट थाहा भए अनुसार स्थानिय खेती व्यवस्थामा पनि असल वीउ प्रयोग गर्दा १५ देखि २०% सम्म यसै वृद्धि ल्याउन सकिन्छ । वैज्ञानिक खेती व्यवस्थाको साथमा असल बीउ प्रयोग गर्दा उन्नत जातको पूरै क्षमता लिन सकिन्छ र उत्पादनमा अरु धेरै वृद्धि हुन सक्छ । जसले गर्दा प्रत्येक वर्ष वीउ बिजनको मागको परिमाण वृद्धि हुँदै आएको पाइएको छ । बीउ बिजन मुल्य श्रृखलाका विभिन्न तहमा विभिन्न किसिमका व्यवधानहरु रहेका कारण माग अनुसार बीउ बिजन उत्पादनमा संलग्न किसानहरुले बीउ बिजन आपूर्ति गर्न सकिरहेका छैनन । विगतका वर्षहरुमा जस्तै बीउ बिजनको उत्पादन तथा वितरण प्रक्रिया हालका दिनहरुमा कमि हुँदै जानु, निजी क्षेत्र बीउ व्यावसायमा प्रवेश, कृषक समुह तथा सहकारी मार्फत बीज बृद्धिका कार्यक्रमहरु क्रमिक रुपमा घट्दै जानुले पनि वीउ उत्पादन तथा वितरणमा कमी हुँदै गइरहको छ । नेपाली कृषकहरुमा बीउको महत्व सम्बन्धी जानकारी कम भएकाले गुणस्तरीय बीउ बिजन उत्पादन, प्रयोग सम्बन्धी प्राविधिक ज्ञान, सीप सँगै क्षमता अभिवृद्धि गर्नु जरुरी देखिन्छ । हुन त फार्म/केन्द्रहरु तथा बीउ बिजन कम्पनीहरु गुणस्तरीय बीउ उत्पादन तथा वितरणमा लागि परेका छन् र यसका साथै गुणस्तर नियन्त्रणका लागि बीउ

बिजन गुणस्तर नियन्त्रण केन्द्र तथा प्रदेश स्तरमा रहेका बीउ बिजन परिक्षण प्रयोगशालाहरुले पनि विभिन्न कार्यत्रलमहरु संचालन गर्दै आईरहेका छन । तथापी बीउ बिजन उत्पादनको क्रममा कृषक समुह तथा सहकारीहरुको बीउ निरिक्षण गर्नको लागी निरिक्षकहरुको कम उपलब्धता रहेको देखिन्छ । यी चुनौतहरुका बावजुद पनि उन्नत तथा गुणस्तरीय बीउको माग तथा आपुर्ति वर्षेनी बढिरहेको अवस्था छ ।

जिल्ला स्तरीय बीउ बिजन आत्मनिर्भर कार्यक्रम, सामुदायिक संस्थाहरु मार्फत उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यहरुमा सहजिकरण जस्ता वर्तमान पहलहरुले बीउ बिजन उत्पादन तथा महत्व सम्बन्धी जानकारी आम कृषकहरुमा विस्तार गर्दै जानु महत्वपुर्ण छ । कमसल बीउ बिजनको प्रयोग सँगै जटिल बन्दै गईरहेको खाद्यान्न उत्पादन तथा उत्पादकत्व रहेको वर्तमान सन्दर्भमा नेपालमा रहेका बीउ बिजन सरोकारवालाहरुलाई एकै थलो ल्याई बीउ बिजनसगं सम्बन्धित विद्यमान समस्याहरु मथि छलफल गरी अगाडी बढ्नका लागि बाटो पहिल्याउन जरुरी भएको छ ।

बीउ बोटबिरुवाको पुस्ता र पुनर्जीवनका लागि अनुवंश वाहक र बाली उत्पादनका लागि एक महत्वपूर्ण सामग्री हो । जैविक रूपमा बीउ भन्नाले बिरुवाको एउटा परिपक्व भाग वा अङ्ग हो, साथै यो एउटा परिपक्व भ्रूण हो जसमा नयाँ उम्रने बिरुवाका लागि आवश्यक पोषणयुक्त खाने कुरा (endosperm ) रहेको हुन्छ र बाहिरबाट यसलाई कडा बोक्रा (seed coat) ले सुरक्षित रूपमा घेरेर राखेको हुन्छ । यसरी माउ बोटमा परागसेचन भई विकसित भएको बीजाणु एवम् भ्रूण नै बीउ हो र यो द्विगुणित (Diploid) प्रकृतिको अर्थात् दुई सेट हुन्छ। यसरी बालीको प्रजातिअनुसार एकदलीय र दुइदलीय रूपमा बालीहरूको वर्गीकरण गरिएको छ ।

**गुणस्तरयुक्त बीउका गुण :** गुणस्तरीय बीउहरू उन्नत जात/वर्णसङ्कर बीउहरू हुन् जुन आनुवंशिक रूपमा शुद्ध, उचित उमार शक्ति भएका, उचित भण्डार क्षमता भएका, हृष्टपुष्ट, अधिक उत्पादन दिन सक्ने हुन्छन् र झारपात र रोगजनित जीवाणुबाट मुक्त हुन्छन् । तसर्थ गुणस्तरिय वीउका गुणहरु निम्नानुसार हुनु पर्दछ ।

**बीउको स्वास्थ्यता :** राम्रो उमार शक्ति र हृष्टपुष्टता भएको गुणस्तरीय बीउ कीराको नोक्सान तथा जीवाणु (जस्तै ब्याक्टेरिया, भाइरस र ढुसी) को प्रकोपबाट सुरक्षित हुन्छन ।

**बीउको भौतिक शुद्धता** : बीउ प्रमाणीकरणका क्रममा बीउको भौतिक शुद्धता कायम हुनका लागि समान आकार र प्रकारको बीउ हुनुपर्छ जसमा कुनै प्रकारको नोक्सानी र विकृति हुनु हुँदैन । कुनै जातको बीउ शुद्ध हुनका लागि त्यसमा निष्क्रिय पदार्थहरू (धूलो, माटोका कणहरू, खोस्टा, ढुङ्गाहरू तथा टुक्रिएका बीउहरू), अन्य जातका बीउहरू र झारपातका बीउहरू मिसिएको हुनु हुँदैन । बीउको भौतिक शुद्धता कायम राख्नका लागि बाली कटानीपश्चात् बीउबाट चाउरिएका बीउहरू र रोग तथा कीराबाट नोक्सान भएका बीउहरू हटाइएको हुनुपर्छ ।

**बीउको आनुवंशिक शुद्धता:** बीउको आनुवंशिक शुद्धता कुनै पनि जातको वास्तविक अन्तर्वर्तित गुण हो । पुस्तामा आधारित बीउ उत्पादनमा गुणस्तरीय बीउको सुनिश्चितताका लागि बीउको आनुवंशिक गुण कायम गरिएको हुनुपर्छ ।

**बीउको तौल** : बीउको सङ्ख्या, लट र जातअनुसार बीउको आकार फरक फरक हुन्छ । यो बीउको आनुवंशिक एवम् भौतिक गुण हो र यो बीउको उमार शक्ति एवम् हृष्टपुष्टतासँग गाँसिएको हुन्छ। यो बीउ बालीको किसिमनुसार निश्चित चिस्यान मात्रामा १,००० दाना तौलबाट मापन गरिन्छ । तसर्थ बीउ उत्पादनमा बाली कटानी पश्चात् समान आकारका बीउलाई प्रशोधन गरी ग्रेडिङ गरिन्छ र चाउरिएको र पूर्ण विकसित नभएको बीउलाई बीउको लटबाट हटाइन्छ ।

**चिस्यान मात्रा**: बीउको चिस्यान मात्रा गुणस्तर निर्धारणको एउटा महत्त्वपूर्ण मापदण्ड हो जसले बीउका सम्पूर्ण जैविक प्रक्रियाहरू नियमन गरेको हुन्छ । बढी चिस्यान मात्रा भएमा उक्त बीउको उमार शक्ति, उमार क्षमता र हृष्टपुष्टता छिटै गुम्ने हुन्छ । तसर्थ उचित उमार शक्ति र बीउको हृष्टपुष्टताको सुनिश्चितताका लागि बीउमा सही चिस्यान मात्रा कायम गर्नु बीउलाई भण्डारणमा रोग र कीराबाट बचाउनका लागि पनि बीउमा उचित चिस्यान मात्रा कायम गर्नुपर्छ।बीउलाई९देखि १३ प्रतिशत चिस्यान मात्रा भएको अवस्थामा सुरक्षित भण्डारण गर्न सकिन्छ ।

**बीउको उमार शक्ति**: उमार शक्ति गुणस्तरीय बीउको महत्त्वपूर्ण शारीरिक (Physiological) गुण हो जसले बीउको मूल्य, उपयोग र बालीको सफल उत्पादनमा प्रभाव पारेको हुन्छ।अनुकूल वातावरणमा बेर्नाको विकास र आवश्यक सबै संरचनाको विकासमार्फत परिपक्व बिरुवाको विकास गर्ने क्षमता नै बीउको उमार शक्ति हो । यो गुण फूल फुल्न सुरु गरेको केही दिनपश्चात् विकसित हुन्छ र यो बाली प्रजातिको किसिम र पुष्प संरचनामा भर पर्छ ।

**गुणस्तरीय बीउको महत्त्व**: असल बीउ कृषिको एउटा महत्त्वपूर्ण सामग्री (Input) हो जसले प्रति एकाइ क्षेत्रफलमा बीउ बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्छ । खेतीका अन्य उत्पादन सामग्रीहरू र खेती प्रणालीको प्रभावकारिता कस्तो बीउ प्रयोग गरिएको छ त्यसमा निर्भर गर्छ । कुनै निश्चित समयमा हुने जलवायु परिवर्तन, बढ्दो रोग महामारी तथा वातावरणीय प्रतिकूलतालाई कम गर्दै खाद्य सुरक्षालाई सुनिश्चित गर्ने काम गुणस्तरीय बीउले गर्न सक्छ । तसर्थ गुणस्तरीय बीउ खाद्य आपूर्तिलाई सुरक्षित राख्ने आधारभूत तत्त्व हो ।बीउ धेरै कृषि प्रविधिसँग सम्बन्धित खोजहरू कृषकसमक्ष हस्तान्तरण गर्ने वाहक हो जसमार्फत कृषकहरूले नयाँ जातको आनुवंशिक क्षमता अधिक मात्रामा उपयोग एवम् उपभोग गर्न सक्छन् ।

कृषिका अन्य उत्पादनका सामग्रीहरू जस्तै सिँचाइ, मल, विषादि आदिको प्रभाव, दक्षता र बीउ बालीको उत्पादकत्व, गुणस्तरयुक्त बीउको उपलब्धता, पहुँच तथा आधुनिक उन्नत जातको प्रयोगमा निर्धारित हुन्छ । बीउले उत्प्रेरकको भूमिका खेल्नका लागि कृषकसमक्ष राम्रो र गुणस्तरीय बीउ पुग्नु जरुरी हुन्छ जसमा अधिक आनुवंशिक शुद्धता, सही जातीय पहिचान, अधिक भौतिक शुद्धता, शारीरिक गुणस्तर आदि हुनुपर्छ । बीउ प्रविधि एउटा विज्ञान हो जसले व्यवस्थित, तीव्र गुणात्मक रूपमा र समयमै कृषकहरूलाई उचित र खरिद गर्न सक्ने मूल्यमा बीउको आपूर्ति सुनिश्चित गर्दै कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउँछ ।

बीउ र खायन उत्पादन दुवैले उस्तै प्रक्रियाहरू अँगाले पनि उत्पादनको रणनीतिक आशय भने फरक हुन्छ। बालीको असल व्यवस्थापनबाहेक बीउ उत्पादनमा बालीयोग्य जमिनको आवश्यकता, पृथक्ता दुरी, रोगिङ र रोग-कीराबाट बीउ दूषित हुनबाट जोगाउने जस्ता कार्य खायन बाली उत्पादनभन्दा फरक रहेको हुन्छ।



त्यस्तै बीउ बालीले वीउ उत्पादनका आवश्यक मापदण्ड पूरा गरेको हुनुपर्छ। प्रमाणीकरण निकायको निर्देशन अनुसरण गरी असल गुणस्तरीय बीउ उत्पादन गर्न सकिन्छ जसले तोकेको मापदण्ड पूरा गरेको हुन्छ। नेपालमा गुणस्तरीय तवरबाट स्रोत बिउ उत्पादनका लागि नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका अनुसन्धान केन्द्रहरु, सरकारी फार्म, राष्ट्रिय बिउ बिजन कम्पनी, निजी बिउ कम्पनीहरु, बिउ उत्पादक समूह/सहकारी संस्थाहरुले विभिन्न र पद्धतिबाट बीउ उत्पादन गर्दै नेपाली बजारमा आपूर्ति गर्ने गरेका छन्।

## वीउ उत्पादनमा रुकुम जिल्लाको सम्भावना

जिल्लाको सम्भावनालाई हेर्ने हो भने रुकुम पूर्वमा वर्षे आलुको ताजा उत्पादन प्रशस्त हुने गरेको हुँदा त्यसको लागि आवश्यक वीउको माग पनि धेरै नै हुने गर्दछ। त्यसैगरी सीमि, केराउ र प्याजको वीउ उत्पादनमा केही कृषकहरु लागि पर्न शुरु गरेको पाईन्छ तर अधिकाँश कृषकहरुले यसलाई झन्झटिलो मान्ने र निरन्तर दिन नरुचाउने भएको कारण प्रशस्त उत्पादन हुन सकिरहेको अवस्था छैन। रुकुम पूर्वमा ताजा उत्पादनको तुलनामा बीउ उत्पादन गर्न उपर्युक्त देखिन्छ। वीउ उत्पादन गर्दा कृषकहरुले वीउ उत्पादन सम्बन्धी सामान्य जानकारी लिएको हुनुपर्दछ। स्रोत बीउ कसरी ल्याउने,पूर्व जानकारी कहिले र कुन निकायमा गर्नु पर्दछ।

उत्पादनको समयमा खडा बाली निरीक्षण कहिले र कति पटक गर्नु पर्दछ, कुन बालीको कति पृथकता दुरी कायम गरेर वीउ छर्नु पर्दछ, वीउ तयार गरि सकेपश्चात वीउ प्रमाणीकरण कसरी र कुन निकायबाट गर्नु पर्दछ भन्ने विषयमा अनिवार्य जानकारी लिनु पर्दछ। वीउ उत्पादनका आफ्नै मापदण्डहरु हुने गर्दछन। वीउ उत्पादन गर्दा सरकारी निकाय संगको समन्वय र सहकार्य अनिवार्य हुन्छ।अहिलेको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तह मध्ये जुन सुकै निकाय संग समन्वय र सहकार्य गरी वीउ उत्पादन कार्यमा जोडिन सजिलो पनि छ त्यसको लागि एक जना कृषक मात्र होईन टोल समुदायका वीउ उत्पादन कार्यमा संलग्न हुने कृषकहरु संगठित भइ समूह/ सहकारी मार्फत अगाडि बढ्न सकेको अवस्थामा समग्र जिल्लाको कृषि विकासमा एउटा महत्वपुर्ण पाईला बन्न सक्दछ। बीउको माग दिनानु दिन बढीरहेको र उत्पादक फर्म/समुह/ सहकारीहरु/ कम्पनीहरुले आवश्यकता अनुसार मागलाई पुरा गर्न सकिरहेको अवस्था देखिदैन तसर्थ अवको आवश्यकता भनेको स्थान र भुगोल अनुसार वीउ उत्पादन कार्यमा समुह सहकारी संगठित



भइ लाग्नु पर्ने देखिन्छ । हरेक कृषकहरुले अनिवार्य बुझ्नु पर्ने कुरा भनेको उत्पादन गर्दा वीउ वा खायन के उत्पादन गर्ने भन्ने कुरामा पहिले कृषकले विचार गर्नु पर्ने हुन्छ। वीउ वा खायन उत्पादन गर्दा बजार र बजार सम्मको दुरीले अर्थ राख्ने हुन्छ । यदी खायन बाली उत्पादन गर्ने हो भने त्यसको लागि बजार के कति प्रर्याप्त छ, बजार सम्म पुर्याउन लाग्ने समय, बजार सम्म पुर्याउँदा लाग्ने लगानी, बजार सम्म पुर्याउन सकिने परिमाण लगायतका धेरै कुरामा निर्भर गर्ने गर्दछ । त्यसकारण यदी ताजा उत्पादन गरि सकेपछी यथाशिघ्र बजार पुर्याउन सकिने अवस्था छैन, बजार देखिको दुरी धेरै टाढा छ र बजार देखिको पँहुच पनि कम देखिन्छ भने त्यस्तो अवस्थामा माथी उल्लेख गरिएको वीउ उत्पादनका आवश्यक मापदण्ड पुरा गरी कृषकहरु व्यवसायिक ताजा (खायन) उत्पादनको अलवा वीउ उत्पादनमा बढी जोड गर्नु पर्ने हुन्छ। उत्पादित वस्तुको प्रति के.जी मूल्यलाई हेर्ने हो भने खायन उत्पादनको तुलनामा वीउको प्रति के.जी मूल्य धेरै हुने भएकोले नाफा पनि धेरै हुने कुरामा कुनै दुईमत रहदैन । कृषकहरुमा वीउ उत्पादन पश्चात बजारीकरण सजिलो छ त भन्ने कुरामा समेत भ्रम पनि हुने गर्दछ त्यसको लागि जहिले पनि स्रोत वीउ यकिन गरी सकारी निकायको निगरानीमा आवश्यक मापदण्ड पुरा गरी उत्पादन कार्यमा लागि पर्ने हो भने अहिलेको माग पुर्याउन नसकिरहेको अवस्थामा बजारीकरणमा समस्या हुने देखिदैन।

**बीउ उत्पादनमा ख्याल गर्नु पर्ने मुख्य आधारहरु :**असल वीउ उत्पादनका लागि आवश्यक पर्ने विभिन्न पक्षहरु यस प्रकार छन।

**स्रोत वीउ :** मूल वीउ उत्पादन गर्न प्रयोग गरिने बिउलाई स्रोत वीउ भनिन्छ। वीउ उत्पादन गर्न उपयुक्त जात तय गरेपछि भरपर्दो संस्थाबाट जात र स्तर खुलेको तथा गुणस्तर जनाउने संकेत पत्र (ट्याग) लागेको मुख्य खाद्यान्न एवं तरकारी बालीको वीउ उत्पादन, भण्डारण तथा गुणस्तर नियन्त्रण प्रविधि स्रोत वीउको प्रवन्ध गर्नु अनिवार्य छ । संकेत पत्र वा अन्य कुनै आधिकारीक निस्सा विनाको स्रोत वीउ प्रयोग भएको वीउ वाली वीउ निरीक्षकवाट सिफारीस हुन सक्दैन। **क्षेत्र, कृषक तथा खेतवारी छनोट** : वीज वृद्धि गरीने क्षेत्र जात विशेषको लागि हावापानीको दृष्टिले उपयुक्त र पायक भएको हुनुर्पछ । सिंचाइ सुविधायुक्त र उर्वरा माटो भएको जमीन छनोट गर्नु पर्दछ। **पूर्व जानकारी:** बीउ उत्पादकले आफ्नो वीउवाली ऐन, नियमावली अनुसार निरीक्षकहरुवाट निरीक्षण गराउनको लागि वाली लगाउनु अगावै वा वीउ वाली रोपेको लगत्तै पछि वीउ वाली, जात, स्तर, क्षेत्रफल, स्रोत, निस्सा, रोपेको मिति लगायत सम्पूर्ण विवरण संग आफ्नो नाम, ठेगाना र खेतको ठेगाना समेत खुलाएर निरीक्षण गरी दिनको लागि सम्वन्धित निकायमा निवेदन दिनु पर्छ ।**खेती प्रविधि :** बीउ वालीको लागि अनिवार्य रुपले

सिफारीस भए वमोजिम खेती प्रविधि अपनाएको हुनुपर्छ । बीउवाली लगाएको जातमा सोहीवालीको अरु जातवाट परागकण नमिसियोस र जातीय शुद्धता नखलबलियोस भन्नको लागी तोकिए बमोजीम अरु जात वा खायन वाली वाट न्युनतम पृथकता दुरी कायम हुने गरी बीउ वाली लगाउनु पर्छ। **रोगिङ :बीउ** वालीबाट जतिबेला देख्यो त्यतिखेरै अन्यजात, अन्यवाली, झारपातको वोट वा रोगीवोटहरु हटाउनुपर्छ । पटक पटक अवलोकन गरीरहनु पर्छ । **बीउवाली निरीक्षण तथा सिफारीस गराउने :** निरीक्षकलाई पूर्व जानकारी उपलब्ध गराएपछि वाली अनुसार २-३ पटक वीउवाली निरीक्षण गरिन्छ । निरीक्षकले दिएको सुझाबलाई पालना गर्नु पर्छ र निरीक्षकको अन्तिम निरीक्षण पछि वाली सिफारीस गराएर मात्र वाली काटनु पर्छ । **बीउ वाली काटने :** बीउ जुनबेला पाक्छ वा परिपक्क हुन्छ, त्यतिखेर वीउका गुणस्तर (सुषुप्त अवस्था छोडेर) सबभन्दा राम्रो हुन्छ। त्यसपछि ओस, कीरा आदिबाट गुणस्तर गिर्दै रहन्छ । अन्न पाकेपछि मौसम, सुकाउने सुविधा आदि ख्याल गरेर यथासंभव छिटो वीउवाली काटने, चुटने गर्नुपर्छ । वीउ वालीलाई पहिले कटानी चुटानी गर्न सके मेसीन, खलियानबाट हुने मिसावटको सम्भावना घटछ ।**बीउ प्रशोधन :** बीउ चुटाई र सफाई पछि वीउलाई ग्रेडीङ गरी पुस्ट दानाहरुलाई बीउको लागि तयार पारिन्छ । वीउ राम्ररी सुकाएर चिस्यान घटाउनु पर्छ । सामान्यतया ८% भन्दा कम चिस्यान हुँदा किराको नोक्सानी हुँदैन वा नगन्य हुन्छ भने १२% भन्दा बढी चिस्यान भए छोटो अवधिमै वीउ कीराबाट सखाप हुन सक्छ । वीउ सुकाउनुको साथै किराबाट बचाउन निमको पात, टिमुर, बोझो, खारानी आदिले उपचार गरेर वीउ जोगाउन सकिन्छ ।

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।

## भूमे गाउँपालिका द्धारा जनहितमा जारी सन्देश

**रुकुमपूर्वमा मात्रै नभएर यती बेला देश भर नै वनजंगल जलेर नष्ट भएका छन्।वनजंगल मासिनु भनेको भनेको हाम्रो सम्पति मासिनु हो।सुख्खा खडेरी प्राकृतिक विपत्ति हो,जसले बालीनाली नष्ट गर्छ, जलस्रोत सुकिरहेको छ।भने हाम्रो मानव जीवनमा ठूलो असर पारी रहेको छ।तपाई हामी समयमै सचेत भइएन भने, यसको प्रभाव अझै गम्भीर हुन सक्छ। सजग बनौं, स्रोतहरूको दुरुपयोग रोकौं, र दीर्घकालीन समाधान खोजौं।**

## आगलागी नियन्त्रण गरौं!

- "सावधानी अपनाऔं, आगलागी रोकौं!"
- "होसियारी भएर आगलागी नियन्त्रण गरौं!"
- "थोरै लापरवाही, ठूलो क्षति! सचेत बनौं, सुरक्षित रहौं!"
- बिजुलीका तार व्यवस्थित गरौं, छरछिमेक सुरक्षित बनाऔं।
- चुरोट, धूप, मैनबत्ती निभाएर मात्र छाडौं।
- ग्यास सिलिन्डर प्रयोग गर्दा सुरक्षाका उपाय अपनाऔं।
- बालबालिकालाई आगोबाट टाढै राखौं।
- आगो लागेमा तुरुन्तै १०१ नम्बरमा खबर गरौं।
- विपत परि हाले गाउँपालिकालाई खवरर गरौं।

**आगलागी गर्ने व्यक्तिलाई वन ऐन अनुसार कारवाही गरिन्छ।हाम्रो सम्पति हामी सबैले संरक्षण गरौं।**